भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

# बीउ उत्पादन परिमाणका आधारमा नगद अनुदान कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७।०६।११)

**प्रस्तावनाः** गण्डकी प्रदेशमा उन्नत बीउको प्रतिस्थापन दर वृद्धि गर्दै जाने लक्ष्य हाँसिल गर्न गुणस्तरीय बीउ उत्पादनमा जोड दिनु पर्ने तथा कृषकहरुलाई बीउ उत्पादनको क्षेत्रमा आर्कषित गर्न बीउ उत्पादन परिमाणको आधारमा नगद प्रोत्साहन अनुदान कार्यक्रम संचालनका लागि "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ ।

## १. प्राविधिक पक्ष

(क) बीउ बिजन ऐन, २०४५, बीउ बिजन नियमावली, २०६९ तथा बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ को अधिनमा रही अनुमति प्राप्त बीउ उत्पादकहरुलाई उत्पादन परिमाणका आधारमा नगद प्रोत्साहन प्रदान गर्न सकिनेछ।

(ख) उत्पादित बीउमा बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ ले निर्दिष्ट गरेको मापदण्ड अनुसार बीउ प्रमाणीकरण वा यथार्थ संकेतपत्र पद्धती अपनाई संकेत पत्र/ट्याग लगाएका उत्पादकहरूलाई मात्र छनौटमा सहभागी गराइनेछ।

## २. आर्थिक पक्ष

(क) स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही बीउ उत्पादन परिमाण र परल मूल्यको आधारमा बढीमा ५ प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(ख) मूल्य निर्धारण गर्दा उपलब्ध भएसम्म नेपाल सरकार वा कृषि सामग्री कम्पनी लि. वा जिल्ला बीउ बिजन समितिले तोकेको मूल्यको आधारमा अनुदान उपलब्ध गराउनु पर्नेछ। तर, मूल्य नतोकिएको अवस्थामा बीउको तात्कालीन बजार मूल्यलाई आधार मानी अनुदान उपलब्ध गराउन सकिनेछ।

(ग) अनुदानग्राहीले भुक्तानी माग गर्दा बीउ परिक्षणको नतिजा र बीउ बाली निरीक्षण सम्बन्धी कागजात संलग्न राखी निवेदन पेश गर्नुपर्नेछ।

## ३. प्रस्ताव मूल्याङ्कनका आधार

| क्र. सं. | मूल्याङ्कनका आधारहरु | अङ्कभार |
|---|---|---|
| **१.** | **संकेत पत्र/ट्याग लगाएको** | **३०** |
| (क) | प्रमाणीकरण पद्धति | ३० |
| (ख) | यथार्थ संकेत पत्र | २० |
| **२.** | **उत्पादित बीउको जात उन्मोचनको समय** | **२०** |
| (क) | वि.सं. २०६५ साल भन्दा पछाडी उन्मोचन भएको | २० |
| (ख) | वि.सं. २०५५-६५ साल सम्म उन्मोचन भएको | १५ |
| (ग) | वि.सं. २०५५ साल भन्दा अगाडी उन्मोचन भएको | १० |
| **३.** | **आवेदकको बीउ उत्पादनको क्षेत्रमा अनुभव** | **१०** |
| (क) | ५ वर्ष भन्दा माथिको अनुभव | १० |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

| | | |
|---|---|---|
| (ख) | २ देखि ५ वर्षसम्मको अनुभव | ५ |
| (ग) | २ वर्ष भन्दा कम अनुभव | ३ |
| **४.** | **बीउ उत्पादनको क्षेत्रफल** | **२०** |
| ४.१. | खाद्यान्न | २० |
| (क) | तराईमा १ हेक्टर वा पहाडमा ५ रोपनी | १० |
| (ख) | तराईमा १ हेक्टर भन्दा बढी भएमा १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति ०.५ हेक्टर २ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने,<br><br>पहाडमा ५ रोपनी भन्दा वढी भएमा १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति रोपनी ०.५ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |
| ४.२ | तरकारी | २० |
| (क) | तराईमा ०.२५ हेक्टर वा पहाडमा २ रोपनी | १० |
| (ख) | तराईमा ०.२५ हेक्टर भन्दा बढी भएमा १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति ०.१ हेक्टर २ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने,<br><br>पहाडमा २ रोपनी भन्दा वढी भएमा १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति रोपनी २ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |
| ४.३ | घाँसेबाली | २० |
| (क) | तराईमा ०.५० हेक्टर वा पहाडमा ३ रोपनी | १० |
| (ख) | तराईमा ०.५० हेक्टर भन्दा बढी भएमा १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति ०.२ हेक्टर २ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने,<br><br>पहाडमा ३ रोपनी भन्दा बढी भएमा १० अंक प्रदान गरी थप क्षेत्रफलका लागि प्रति रोपनी २ अंकका दरले थप गरी अधिकतम २० अंकसम्म प्रदान गर्ने | २० |
| **५.** | **बीउ उत्पादक** | **१०** |
| (क) | समूह / सहकारीको हकमा | १० |
| (ख) | अन्य (व्यक्ति, संघ, संस्था, कम्पनीको हकमा) | ५ |
| **६.** | **उत्पादित बीउको स्तर** | **१०** |
| (क) | मूल/श्रोत बीउ | १० |
| (ख) | प्रमाणीत/ लेबल बीउ | ७ |
| (ग) | उन्नत बीउ | ४ |
| | **जम्मा** | **१००** |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ ले निर्दिष्ट गरेको मापदण्ड अनुसार बीउ उत्पादन गरिएको प्रमाण र बीउ परीक्षणको नतिजा खुल्ने कागजातका प्रतिलिपि।

(ग) समूह/सहकारी संस्थाको हकमा बैठक निर्णय प्रतिलिपि।

(घ) बीउ उत्पादन गरिरहेको जग्गाको क्षेत्रफल खुल्ने कागजात।

(ङ) बीउ उत्पादन अनुभव सम्वन्धि कागजात।

(च) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा करार सम्झौताको प्रतिलिपि।

**५. प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| बीउ उत्पादन हुने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

**ख. सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

| क्र.सं. | कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको नाम | हाल खेती गरिरहेको क्षेत्रफल | हालको उत्पादन | सम्पर्क नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

ग. बीउ उत्पादन सम्बन्धी विवरण

| बालीको नाम | बालीको जात | बीउको प्रकार (मूल/श्रोत/प्रमाणित/उन्नत) | बीउको गुणस्तर कायम गर्ने प्रणाली (प्रमाणीकरण/यथार्थ संकेतपत्र) | बीउ उन्मोचन/दर्ता मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**ग) कुल अनुमानित उत्पादनः**

(१) बीउ उत्पादनमा संलग्न कृषकः

(२) बीउको संभाव्य उत्पादन परिमाणः

(३) बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(४) अन्य बिषय केही भए उल्लेख गर्नुहोस्।